वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
०८३-५२०२६३
०८३-५२०१८४
०८३-५२०१२८

पत्र संख्या:- ०७९/०८०
चलानी नम्बर:-
मिति:- २०७९/१०/०६

......जनस्वास्थ्य............शाखा)

**कर्मचारी छनौट सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मितिः- २०७९।१०।०६)

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७९।१०।०६ गतेको निर्णय बमोजिम यस नगरपालिकाको वडा नं. ७ स्थित नगर अस्पतालमा नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७७ बमोजिम देहायका पदमा करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र नगरपालिकाको प्रशासन शाखामा आवेदन दिनहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:-**

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा | समुह | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ०४/०७९ -०८० | मेडिकल अधिकृत | अधिकृत स्तर आठौं | नेपाल स्वास्थ्य | जनरल हेल्थ | १(एक) |

**क) न्युनतम शैक्षिक योग्यता तथा सिप**

१. एम.वि.वि.एस. उत्तिर्ण गरेको
२. नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको
३. कम्प्युटर सम्बन्धी आधारभुत सिप भएको

**ख) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:**-देहायका प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार स्वयमले प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्ने छ।

१. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि
२. स्थानीय बासिन्दाको हकमा/नागरीकता/जन्मदर्ता/बिवाहदर्ता/बसाईसराई दर्ताको प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धीत पदको लागि न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
४. नगरपालिकाको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको नगदी रसिद
५. अनुभवको प्रमाणपत्रको प्रतिलिपि (कुनै संस्थामा शुरु नियुक्ति पत्र र प्रत्येक महिना तलब भुक्तान गरेको प्रमाणित पत्र)

**ग) उमेर हद:**- दरखास्त बुझाउने अन्तिम मिति सम्म सम्वन्धित सेवा, समुह सम्वन्धी ऐन नियम अनुसारको उमेरको हद ननाघेको हुनु पर्नेछ।

**घ) कार्यशर्त तथा सेवा सुविधा:**- तोकिए बमोजिम।

**ङ) दरखास्त दस्तुर:**- रु १,०००।-

**च) दरखास्त वुझाउने अन्तिम मिति :**- २०७९/१०/१२ गते सम्म र दोव्वर दस्तुर मा सोको भोलिपल्ट।

**छ) दरखास्त फारम:**-यस कार्यालयको प्रशासन शाखा वा कार्यालयको वेभसाईट www.birendranagarmun.gov.np बाट प्राप्त गर्न सकिनेछ। रितपूर्वक दरखास्त फारम भरी कार्यालयमा बुझाउनु पर्नेछ। रित नपुगि तथा म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही हुने छैन।

२०७९।१०।०६
नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत